# रोशी गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड ९)  संख्या: १    मितिः २०८२ साल भाद्र महिना १७ गते

# भाग-२

## रोशी गाउँपालिकाका करार कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने सम्बन्धी कार्यविधि, २०८२

**प्रस्तावनाः**

नेपालको संविधानको भाग ३,  मौलिक हक र कर्तव्य अन्तर्गत धारा ३४ को उपधारा (२) मा "प्रत्येक श्रमिकलाई उचित पारिश्रमिक, सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हक हुने छ" भन्ने उल्लेख गरिएको छ। संविधानले प्रदान गरेको श्रमिकहरुको उक्त हक कार्यान्वयन गर्न वाञ्छनिय भएकोले रोशी गाउँपालिका, गाउँ कार्यपालिकाले नेपालको संविधानको धारा २२६ को उपधारा (१) ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि बनाई लागू गरेको छ।

## परिच्छेद –१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम **“रोशी गाउँपालिकका करार कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने सम्बन्धी कार्यविधि, २०८२”** रहेको छ।

(२) यो कार्यविधि २०८२ साल असोज १ गते देखि लागु हुने छ।

**२. परिभाषा**: विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "कार्यविधि" भन्नाले **“रोशी गाउँपालिकाका करार कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने सम्बन्धी कार्यविधि २०८२”** सम्झनु पर्दछ।

(ख) " गाउँ कार्यपालिका " भन्नाले रोशी गाउँ कार्यपालिका सम्झनु पर्दछ।

(ग) "वडा" भन्नाले रोशी गाउँ कार्यपालिकाका सबै वडा कार्यालयहरुलाई सम्झनु पर्दछ।

(घ) “कोष” भन्नाले योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को दफा २६ बमोजिम स्थापना भएको सामाजिक सुरक्षा कोष सम्झनु पर्दछ।

(ङ) "योगदान" भन्नाले सामाजिक सुरक्षा योजना अन्तर्गतको सुविधा प्राप्त गर्न श्रमिक र रोजगारदाताले नियमित रूपमा कोषमा जम्मा गरेको वा गर्नु पर्ने रकमलाई सम्झनु पर्छ।

(च) “योगदानयोग्य आय" भन्नाले कर्मचारीले प्रत्यक्ष वा अप्रत्यक्ष रोजगारीबाट दैनिक, साप्ताहिक, पाक्षिक वा मासिक रूपमा प्राप्त गर्ने प्रचलित कानून बमोजिम कर कट्टी गर्नु पूर्वको आधारभूत पारिश्रमिक सम्झनु पर्छ।

(छ) "योगदानकर्ता" भन्नाले सामाजिक सुरक्षा योजनामा सूचीकृत भई सामाजिक सुरक्षा नम्बर लिएको सरकारी सेवामा वहाल रहेको व्यक्ति वा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको सरकारी कोषबाट पारिश्रमिक पाउने व्यक्ति सम्झनु पर्छ।

(ज) रोजगारदाता" भन्नाले रोशी गाउँपालिकालाई सम्झनु पर्छ।

(झ) "सरकारी कोष” भन्नाले देहायको कुनै कोष सम्झनु पर्छ।

- नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको सञ्चित कोष वा अन्य सरकारी कोष
- नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट प्राप्त अनुदानबाट सञ्चालित कोष,

(ञ) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्दछ।

(ट) "अध्यक्ष" भन्नाले रोशी गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ।

(ठ) " उपाध्यक्ष " भन्नाले रोशी गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ।

(ढ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले रोशी गाउँ कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।

(ण) "सामाजिक सुरक्षा कोष" भन्नाले संघीय सरकारबाट बनाएको योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को कोषलाई सम्झनु पर्दछ।

(त) "करारका कर्मचारी" भन्नाले रोशी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयले तलब भत्ता भुक्तान गर्ने करार सेवाका कर्मचारीलाई सम्झनु पर्दछ।

## परिच्छेद- २

## सामाजिक सुरक्षा योजनामा सहभागिता, जिम्मेवारी र उत्तरदायित्व

**३.** सरकारी कोषबाट पारिश्रमिक पाउने व्यक्ति सहभागी हुने सरकारी कोषबाट पारिश्रमिक पाउने व्यक्ति यस कार्यविधिको अनुसूची-१ बमोजिम नेपाल सरकारले तोके बमोजिमका सामाजिक सुरक्षा योजनामा सहभागी हुन सक्नेछन्।

(१) गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यलय र मातहत रहेका गाउँ कार्यपालिकाको कार्यालयले तलब भत्ता भुक्तानी गर्ने करार कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउदै लैजानु रोशी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको जिम्मेवारी रहेको छ।

(२) गाउँ कार्यपालिकाले करार कर्मचारीहरुलाई खाईपाई आएको तलवको कम्तिमा साठी प्रतिशत रकमलाई आधारभूत तलब मानी त्यसको बीस प्रतिशत रकम गाउँसभाबाट विनियोजित गराउनु पर्नेछ।

(३) रोशी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय र मातहत रहेका वडा कार्यालय तथा स्वास्थ्य संस्थामा कार्यरत करार कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउन यो कार्यविधि गाउँ कार्यपालिकाबाट पारित भई राजपत्रमा प्रकाशित भएपछि लागु हुनेछ । कर्मचारीहरुको सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने कार्य गाउँ कार्यापालिकको कार्यालयले गर्नु पर्नेछ।

## परिच्छेद –३

## कार्यक्रम कार्यान्वयन समितिको गठन र काम, कर्तव्य र अधिकार

**४. समिति गठन :**

(१) करार कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउन देहाय बमोजिमको समिति गठन गरिनेछ।

(क) प्रमुख प्रशासकीय अधिकृत -संयोजक
(ख) आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य
(ग) कर्मचारी प्रशासन शाखा प्रमुख -सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ।

(क) गाउँ कार्यपालिकाको कार्यालय र मातहतका कार्यालयहरुमा निरन्तर **२ वर्ष** वा सो भन्दा बढी सेवा अवधि कार्य गरेका करार कर्मचारीहरु योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध वा सूचीकृत हुने संख्याको एकिन गर्ने।
(ख) नेपाल सरकारले जारी गरेको योगदानमा आधारित सामाजिक सुरक्षा कोष ऐन र सो सम्बन्धमा बनेका नियमावली, कार्यविधि, राजपत्र तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा जारी गरिएका परिपत्रहरुमा सम्बन्धित रहेर करारका कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने।
(ग) अनलाईन माध्यमबाट गाउँ कार्यपालिकालाई रोजगारदाताको रुपमा र करारका कर्मचारीहरुलाई योगदानकर्ताको रुपमा सूचीकृत गर्न सामाजिक सुरक्षा कोषसंग समन्वय गरि सूचीकरण गर्ने वा गराउने।
घ) करारका कर्मचारीहरुलाई योगदानकर्ताको रुपमा सूचीकृत गर्न अन्य आवश्यक कार्य गर्ने।

## परिच्छेद –५

## सामाजिक सुरक्षा कोष सम्बन्धी ब्यवस्था

**५.** रोशी गाउँपालिका, गाउँ कार्यापालिकाको कार्यालयले योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध हुने कर्मचारीहरुको खाईपाई आएको तलवको कम्तिमा साठी प्रतिशतलाई आधारभूत तलब मानी प्रत्येक महिना योगदानकर्ताको तर्फबाट ११ प्रतिशत र रोशी गाउँपालिकाको तर्फबाट २० प्रतिशत गरि जम्मा ३१ प्रतिशत रकम सामाजिक सुरक्षा कोषमा जम्मा गरिनेछ।

**६.आवेदन दिनु पर्ने :** दफा ३ को उपदफा (१) बमोजिमको सामाजिक सुरक्षा कोषमा आवद्ध हुन कर्मचारीहरुले रोशी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा अनुसूची-१ बमोजिमको निवेदन दिनुपर्ने छ।

## परिच्छेद–६

## विविध

**७..सामाजिक सुरक्षा स्वेच्छिक हुने :** यस कार्यविधि बमोजिम **सामाजिक सुरक्षा** अन्तर्गत प्राप्त हुने कुनै पनि सुविधा कसैले लिन नचाहेमा स्वेक्षिक रुपमा त्यस्तो सुविधा नलिन सक्ने छ।

**८. थपघट, हेरफेर वा संशोधनः** गाउँ कार्यपालिकाले यस कार्यविधिलाई आवश्यकता अनुसार थपघट, हेरफेर वा संशोधन गर्न सक्नेछ।

**९. बाधा अड्काउ फुकाउः** यो कार्यविधि कार्यान्वयनको सम्बन्धमा कुनै बाधा अड्काउ परेमा यस कार्यविधिको मूलमर्म प्रतिकूल नहुने गरी गाउँ कार्यापालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन आवश्यक व्यवस्था गर्न सक्नेछ।

## अनुसूची-१

## (दफा ३ सँग सम्बन्धित) नाम दर्ताको लागि दिने निवेदनको ढाँचा

मितिः

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू
रोशी गाउँपालिका, काभ्रेपलाञ्चोक ।

**विषयः सूचीकरण गर्ने सम्बन्धमा ।**

रोशी गाउँपालिकाका करार कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने कार्यविधि, २०८२ बमोजिम यस गाउँपालिकाको कर्मचारी भएकाले सामाजिक सुरक्षा कोषमा सूचीकरण गरी दिन हुन देहायको विवरण सहित यो निवेदन पेश गरेको छु ।

**निवेदकको व्यक्तिगत विवरण**

| | पहिलो | बीचको | अन्तिम |
|---|---|---|---|
| नाम, थर | | | |
| बाबुको नाम, थर | | | |
| आमाको नाम, थर | | | |
| पती/पत्निको नाम, थर | | | |
| बाजे/बजैको नाम, थर | | | |
| इच्छाएको व्यक्तिको नाम, थर | | | |
| जन्म मिति.... | लिङ्ग | महिला | पुरुष |

स्थायी ठेगाना : जिल्लाः ........................... वडा नं....टोल/गाउँ......
हालको ठेगाना : जिल्लाः ............................ वडा नं....टोल/गाउँ......
ना.प्र.नं...........जारी मितिः................
फोटो २ प्रति,

(माथि उल्लेखित व्यहोरा ठीक, साँचो हो । झुटा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला ।)

निवेदकको दस्तखत

**गाउँपालिकाको तर्फवाट**

प्रमाणित गर्नेको दस्तखतः

पदः

नाम थरः

मितिः

आज्ञाले
शिव प्रसाद भन्तना
प्रमुख प्रशासकीय अधिकृत